# REGIONAL NEWS UNIT
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 07.04.2025**

- **Governor Pakyong Visit**

राज्यपाल ओमप्रकाश माथुरले निम्न स्तरमा सहभागिता र विकासीय मुल्याङ्कनको दिशामा महत्त्वपूर्ण पहलको रूपमा आज पाकिम जिल्लाको भ्रमण गर्नुभयो। स्थानीय विकासीय पहलको समीक्षा गर्नका साथै यहाँका मानिसहरूसित अन्तरक्रिया गर्ने अनि प्रगतिमा रहेका सरकारी परियोजनाहरूको मुल्याङ्कन गर्ने उद्देश्यका साथ भ्रमणमा निस्किनुभएका राज्यपालको साथमा शिक्षा मन्त्री राजु बस्नेत र पाकिमका जिल्लाधीश रोहन अग्वाने हुनुहुन्थ्यो।
आहो-याङतामको छोटा सिङथामबाट आफ्नो भ्रमणको शुरूवात गर्दै उहाँले प्रगतिशील कृषकहरूसित अन्तरक्रिया गर्नुभयो। राज्यपालले संस्कृति स्वयं सहायता समूहद्वारा सञ्चालित सिलाई एकाई र अचार बनाउने अग्रणी समूह एकाईको पनि निरीक्षण गर्नुभयो, जसले हस्तकला र स्थानीय जैविक उत्पाद निकाल्ने गरेका छन्। उहाँले यसअवधि पाकिममा जिल्ला प्रशारनिक केन्द्र परिसर निर्माण स्थलको पनि निरीक्षण गर्नुभयो।
---------------------------------------X---------------------------------------

- **Secretary Meets Governor**

सामाजिक, बाल, वरिष्ठ नागरिक तथा दिव्याङ्गजन कल्याण विभागकी सचिव सारिका प्रधानले आज राज्यपाल ओमप्रकाश माथुरसित राजभवनमा भेट गर्नुभयो। भेटको क्रममा उहाँहरूले राज्यमा विभागअन्तर्गत केन्द्र सरकारका योजनाहरूको कार्यान्वयनसित सम्बन्धित विभिन्न विषयमा छलफल गर्नुभयो।
सचिव श्रीमती प्रधानले अम्बेडकर जयन्तीको निम्ति राज्यपाललाई औपचारिक रूपमा निमन्त्रणा दिनुभयो।
---------------------------------------X---------------------------------------

- **CHODZO**

नाम्ची जिल्लाको राभङलामा पहिलो मुख्यमन्त्री स्वर्णकप खुल्ला भलिबल प्रतियोगितासितै छह दिवसीय छोजो महोत्सव 2025 आजदेखि शुरू भयो। सड़क एवं पुल मन्त्री NB दाहाल र क्षेत्र विधायक रिकसेल भोटियाको विशेष उपस्थितमा पर्यटन मन्त्री TT भोटियाले छोजो महोत्सव साथै भलिबल प्रतियोगिता शुरू भएको घोषणा गर्नुभयो। जम्मा दशवटा दलको सहभागिता रहेको प्रतियोगितामा राष्ट्रिय अनि अन्तरराष्ट्रिय स्तरका खेलाडीहरू सामेल छन्। प्रतियोगिताको विजेता दलका निम्ति बीस लाख र

उपविजेताका निम्ति दश लाख नगद पुरस्कार रहेको छ। भलिबल खेल बाहेक MMA फाइट साथै विविध सांस्कृतिक एवं साङ्गीतिक कार्यक्रम छोजो महोत्सवका अन्य आकर्षण रहेका छन्।

---------------------------------------X---------------------------------------

- **IYCT**

सिक्किममा पर्यटनसित सम्बन्धित कार्यक्रमहरू आयोजन गरेर पर्यटकहरूलाई आकर्षित गर्नका साथै साहसिक पर्यटनलाई प्रवर्द्धन गर्ने दिशामा राज्य सरकार लागि परेको छ। यस्तोमा पर्यटन विभागको सहयोगमा याङगाङ पर्यटन विकास समितिद्वारा भोलीदेखि नाम्ची जिल्लाको याङगाङमा आयोजना गरिने पर्यटन विकासका निम्ति अन्तरराष्ट्रिय युवा सम्मेलनलाई लिएर तयारी पूरा भएको छ। तीन दिवसीय यस सम्मेलनमा विभिन्न साहसिक पर्यटन गतिविधिहरू समावेश गरिनेछ।

---------------------------------------X---------------------------------------

- **SVEEP**

पाकिम जिल्लाको सामुदायिक कक्षमा आज व्यवस्थित मतदाता शिक्षा र चुनावी सहभागिताअन्तर्गत दिव्याङ्गजनहरूका निम्ति जिल्ला स्तरीय मतदाता जागरूकता कार्यक्रम सम्पन्न भयो। यसको आयोजना निर्वाचन पञ्जीकरण अधिकारी, सहायक निर्वाचन पञ्जीकरण अधिकारी, खण्ड स्तरीय अधिकारी र सारथी संगठन नामक गैर सरकारी संगठनले संयुक्त रूपमा गरेको हो।

कार्यक्रमको विषय थियो मतदानको पहुँच - दिव्याङ्गजनको सहभागितामा राज्य गठनको पचास वर्षको उत्सव: "कुनै मतदाता नछोड़िउन्, प्रत्येक मतको महत्त्व हुन्छ।

समावेशी र पहुँचयोग्य चुनाउलाई प्रवर्द्धन गर्ने प्रयासका क्रममा जनचेतना अभिवृद्धि गर्ने, छुटेका दिव्याङ्ग मतदाताहरूलाई समावेश गर्ने र उनीहरूको नाम मतदाता सूचीमा सहि रूपमा दर्ता गराउने कार्यहरू भइरहेका छन्।

यस अवसरमा उपस्थित मतदाताहरूलाई समावेशी मतदानको महत्त्वमाथि जानकार गराउन दिव्याङ्गजन जागरूकतामुलक भिड़ियोहरू प्रदर्शित गरियो।

---------------------------------------X---------------------------------------

- **DEO Meeting**

सोरेङको जिल्ला प्रशासनिक केन्द्रमा आज जिल्ला चुनाउ अधिकारी, निर्वाचन पञ्जीकरण अधिकारी र राजनितिक पार्टीका प्रतिनिधिहरूलाई लिएर दोस्रो मासिक बैठक बस्यो। भारतीय निर्वाचन आयोगको निर्देशनलाई पालन गर्दै बसेको बैठकको अध्यक्षता सोरेङका जिल्लाधीश धिरज सुविधिले गर्नुभयो।

बैठकमा दिव्याङ्गजन शिविर, मतदान केन्द्रहरूको व्यवस्था, मतदाता सूचि अद्यातन र मतदाता पञ्जीकरण र बुथ स्तरीय एजेन्टहरूको नियुक्ति सम्बन्धमा विस्तृत रूपमा चर्चा भयो।

---------------------------------------X---------------------------------------

- **IPRD Cleanliness**

सूचना एवं जनसम्पर्क विभागको मुख्यालय परिसरसहित जिल्ला तथा सिलगढ़ीस्थित कार्यालयमा व्यापक सर-सफाई गरियो। विभागका अधिकारी एवं कर्मचारी सहभागी रहेको आज सम्पन्न सफाई अभियान स्वच्छता ही सेवा अभियानको एक भाग हो।

कार्यालय परिसरलाई सफा र स्वच्छ राख्ने विभागको प्रतिबद्धताको एक भागको रूपमा यो अभियान चलाइएको हो, जसका निम्ति महिनाको प्रत्येक शुक्रबारलाई स्वच्छ अभियान दिवसका रूपमा चिन्हित गरिएको छ।

विभागकी अतिरिक्त सचिव अनिता सुब्बाले कार्य क्षेत्रमा स्वच्छ वातावरण कायम राख्नमा रहेको महत्त्वमाथि प्रकाश पार्नुभयो। उहाँले अधिकारी एवं कर्मचारीहरूले आफ्नो आधा जस्तो समय कार्य क्षेत्रमा बिताउने भएका कारण यसलाई दोस्रो घर सम्झनुपर्ने कुरामाथि जोड़ दिनुभयो।

---------------------------------------X---------------------------------------

- **Weather**

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार भोली आकाशमा सामान्य रूपमा बादल छाउनका साथै छुटपुट वर्षा हुने अनि चट्याङ हान्ने सम्भावना छ।
बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रमा न्यूनतम तापमान तेह्र डिग्री सेल्सियस र अधिकतम बीस दशमलौ दुई डिग्री सेल्सियस रेकार्ड गरियो।
भोली अधिकतम तापमान उन्नाइस र न्यूनतम तेह्र डिग्री सेल्सियल रहनेछ।
---------------------------------------X---------------------------------------